नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचर, काठमाडौँ
बोलपत्र आह्वानको सार्वजनिक सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३।०६।१३

कर्पोरेट महाशाखा/सूचना नं. ०२-०८३/८४

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको आगमनतर्फ अध्यागमन क्षेत्रमा कार्यालयले तोकेको २७.३० व.मि. क्षेत्रफल भएको स्थानमा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैंकद्वारा विदेशी मुद्रा विनिमय खरिद सेवा सञ्चालन गर्ने सम्बन्धमा आय ठेक्का बन्दोबस्तका लागि नेपाल राष्ट्र बैङ्कबाट सो सम्बन्धी कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक 'क' वर्गका वाणिज्य बैंकहरूले प्रचलित कानूनको अधीनमा रही तपसिल बमोजिम बोलपत्र दाखिला गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सूचना विस्तृत रूपमा यस प्राधिकरणको Website: **www.caanepal.gov.np** र यस कार्यालयको Website: **www.tiairport.com.np** मा उपलब्ध छ। साथै यस कार्यालयको फोन नं. ०१-४११३०३३, Ext. २४९७ मा सम्पर्क गरी थप जानकारी प्राप्त गर्न सकिनेछ।

तपसिलः

क्र.सं.	विवरण	क्षेत्रफल (व.मि)	बोलपत्र दस्तुर (रु.)	न्यूनतम बहाल रकम (५) वर्षका लागि	बोलपत्र खरिद गर्ने अन्तिम मिति	बोलपत्र दर्ता गर्ने अन्तिम मिति	बोलपत्र खोलिने मिति
१.	विदेशी मुद्रा विनिमय खरिद सेवा	२७.३०	५,६५०/- (मू.अ.क सहित)	रु. ६,८१,८८,९९०/- (अक्षरुपी छ करोड एकासी लाख अठासी हजार नौ सय नब्बे रुपियाँ मात्र)	सूचना प्रकाशित भएको मितिले ३०औँ दिनको कार्यालय समयभित्र	सूचना प्रकाशित भएको मितिले ३१औँ दिनको १२ बजेभित्र	बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १४ बजे

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरको सिलवन्दी बोलपत्र आब्हानको सूचना
दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०६/१३
कर्पोरेट महाशाखा/सूचना नं. ०२-०८३/८४

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको आगमन तर्फ अध्यागमन क्षेत्रमा कार्यालयले तोकेको २७.३० व.मि. क्षेत्रफलको स्थानमा नेपाल राष्ट्र बैङ्कबाट ईजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकद्वारा विदेशी मुद्रा विनिमय (खरिद सेवा) सञ्चालन गर्न सम्बन्धित निकायबाट इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरूले निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. यो सूचना प्रकाशित भएको मितिले ३०(तीस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय बाणिज्य बैंक, गौचर शाखामा रहेको यस कार्यालयको खाता नम्बर १६९०१०००००११००६ मा रु.५,६५०/-(अक्षेरूपी पाँच हजार छ सय पचास रूपैँया मात्र) (मूल्य अभिवृद्धि कर सहित) जम्मा गरी (पछि फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेस गरी प्राप्त रसिद (Tax Invoice), सम्बन्धित निकायबाट नवीकरण सहितको संस्था दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बरको दर्ता प्रमाणपत्र, नेपाल राष्ट्र बैङ्कबाट विदेशी मुद्रा विनिमय (खरिद सेवा) सेवा सम्बन्धी कारोबार गर्न जारी इजाजतपत्रसहित "क" वर्गको वाणिज्य बैंकहरूबाट निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र साथ रजिस्टर्ड संस्था/फर्म/कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित), नेपाल राष्ट्र बैंङ्कबाट विदेशी मुद्रा विनिमय खरिद सेवा सम्बन्धी कारोबार गर्न जारी ईजाजतपत्र, VAT/PAN दर्ता प्रमाणपत्र, आ.व. २०८२/८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी वा कर चुक्ताको म्याद थपको प्रमाणपत्रको प्रतिलिपी, सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफुले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि ५ (पाँच) वर्षको हुनेछ । उक्त ५ (पाँच) वर्ष अवधिको न्यूनतम ठेक रकम रु.६,८१,८८,९९०।- (छ करोड एकासी लाख अठासी हजार नौ सय नब्बे रूपैँया मात्र) कायम गरिएको छ । साथै दोस्रो वर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको वर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्य वृद्धि सूचंकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ । बहाल रकम भुक्तानीका लागि ३/३ महिनाको एक किस्ता कायम हुने र उक्त किस्ता शुरु हुन अगावै भुक्तानी गर्नुपर्नेछ ।

४. यस कार्यालयलाई तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्म/संस्था वा कम्पनी र सो फर्म/संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको व्यक्ति/फर्म/संस्था वा कम्पनीले सो बक्यौता फछर्यौट गरेको कागजात बोलपत्र फाराम खरिद गर्नुपूर्व पेश गर्नुपर्नेछ ।

५. न्यूनतम कायम भएको ठेक रकम रु. ६,८१,८८,९९०।- (छ करोड एकासी लाख अठासी हजार नौ सय नब्बे रूपैँया मात्र) को ५% ले हुने बोलपत्र जमानत रकम रु. ३४,०९,४५०/-(चौँतिस लाख नौ हजार चार सय पचास रूपैँया मात्र) यस कार्यालयको रा.बा. बैंक, गौचर शाखामा रहेको धरौटी खाता नम्बर १६९०१०००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (बोलपत्रदाता बैंक बाहेकको) 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेस गर्नुपर्नेछ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि ३०(तीस) दिन भित्र खरिद गरी ३१ (एकतिस) औ दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरिसक्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु ३१ (एकतिस) औ दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएतापनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो, सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि. अ. वि. ना. उ. कार्यालय, गौँचरलाई सम्बोधन गरी कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा प्रष्ट सँग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिईने छैन ।

९ .रीत नपुगी वा म्याद नाघी वा शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

१०.यो सुचना प्रकाशन भई सके पश्चात कुनै पनि समयमा कारण खोली वा नखोली बोलपत्र रद्द गर्ने वा स्थगित गर्ने अधिकार कार्यालयसँग सुरक्षित रहनेछ।

११ .बोलपत्रका अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२.यो सूचना नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: www.caanepal.gov.np र www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ ।

१३.यस सूचनामा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४.यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समयभित्र बुझ्न सकिनेछ ।

१५.सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुको अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।